नेपाल सरकार
# परराष्ट्र मन्त्रालय
काठमाडौं, नेपाल

## प्रेस विज्ञप्ति

२६ जना निर्दोष व्यक्तिको ज्यान जाने गरी भारतको जम्मु कश्मिरस्थित पहलगाम नजिक २२ अप्रिल २०२५ मा पर्यटकहरुलाई लक्षित गरी भएको बर्बर आतङ्कवादी आक्रमणको नेपाल सरकार कडा शब्दमा भर्त्सना गर्दछ । यस आतङ्कवादी हमलामा परी ज्यान गुमाएकाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोक सन्तप्त परिवार लगायत भारतका मित्रवत् जनता र सरकारप्रति नेपाली जनताका तर्फबाट नेपाल सरकार हार्दिक समवेदना र गहिरो सहानुभूति प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

यस आतङ्कवादी आक्रमणमा बुटवल-१६, रूपन्देही घर भएका नेपाली नागरिक सुदिप न्यौपानेको दु:खद निधन भएको छ। मृतक न्यौपानेप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा नेपाल सरकार हार्दिक समवेदना व्यक्त गर्दछ। मृतक न्यौपानेको शव नेपाल ल्याउनका लागि परराष्ट्र मन्त्रालय र भारतको नयाँ दिल्लीस्थित नेपाली राजदूतावासले आवश्यक समन्वय गरिरहेको छ।

१० बैशाख २०८२